# राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था
## (NESDO,Nepal)
## जीविकोपार्जन सुधारका लागि परम्परागत व्यवसाय प्रवर्द्धन परियोजना
# प्रगती प्रतिवेदन

### १) पृष्ठभुमिः

राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था (NESDO,Nepl) ले  विश्व बैंक तथा गरिवी निवारण कोषको संयुक्त आयोजनमा आह्वान गरिएको नेपाल विकास वजार-२००८ मा सहभागी भई "जीविकोपार्जन सुधारका लागि परम्परागत व्यवसाय प्रवर्द्धन" नामक परियोजना मार्फत अति अति गरिव, दलित तथा उपेक्षित जनजातिहरुको परम्परागत पेशाको प्रवर्धन गरि उनीहरुको जिविकोपार्जनमा सुधार ल्याउने तथा लोक संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले पर्वत जिल्लाका विभिन्न १७ वटा गाविसहरुमा ३३ वटा सामुदायिक वन उपभोक्ता समुहमा कार्यक्रम संचालन भई रहेको छ । यस कार्यक्रम अन्तर्गत संचालन गरिएका क्रियाकलापहरु, उपलब्धी र समस्या तथा सिकाईहरुलाई संक्षिप्त प्रतिवेदनको रुपमा प्रस्तुत गरिएको छ ।

### २) परियोजना सम्वन्धि संक्षिप्त जानाकारीः

- परियोजनाको नामः जीविकोपार्जन सुधारका लागि परम्परागत व्यवसाय प्रवर्द्धन परियोजना
- परियोजनाको उद्देश्य :
  अति अति गरिव, दलित तथा उपेक्षित जनजातिहरुको परम्परागत पेशाको प्रवर्धन गरि उनीहरुको जिविकोपार्जनमा सुधार ल्याउने तथा लोक संस्कृतिको जगेर्ना गर्ने
- परियोजना सम्झौता भएको मिति : १ जुलाई २००८ तदनुसार असार १९, २०६५
- परियोजनाको अवधि : १ वर्ष
- परियोजनाको सहयोगी निकाय : विश्व बैंक तथा गरिवी निवारण कोष
- परियोजनाको कार्यक्षेत्र : पर्वत जिल्लाका १७ गाविस
  लेकफाँट, भुकताङ्गले, वाजुङ्ग, नाङ्गलीवाङ्ग, खुर्कोट, देउराली, पकुवा, चित्रे,
  शिवालय, दुर्लुङ्ग,चुवा,माझफाँट, वनौ, तिलाहार, धाईरिङ्ग, शालिजा र क्याङ्ग
- परियोजनाको वजेट : १७,०००००/-
  गरिवी निवारण कोषः १५,०००००/-   आन्तरिकः२००००००/-   जम्मा वजेट : १७,०००००/-
- परियोजनाको आवश्यक जनशक्ति :
- परियोजना अन्तर्गत गठित उपसमुहहरु :

| क.सं. | उपसमुहको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | नौमति वाजा समुह | ५ | |
| २. | आरान उपसमुह | १५ | |
| ३. | परम्परागत कपडा उपसमूह गठन | ५ | |
| ४. | हलो जुवा उपसमुह | ७ | |
| ५. | नौमति वाजा उद्योग | १ | |
| | जम्मा : | ३३ | |

३) परियोजना अन्तर्गत गठित सञ्जालहरु:

| क.सं. | उपसमुहको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | नौमति वाजा जिल्ला सञ्जाल | १ | |
| २. | आरान व्यवसाय जिल्ला सञ्जाल | १ | |
| ३. | भांग्रा वुनाई जिल्ला सञ्जाल | १ | |
| ४. | काठका सामाग्री निर्माण जिल्ला सञ्जाल | | |
| ५. | परम्परागत व्यवसाय जिल्ला सञ्जाल | १ | |
| | जम्मा: | | |

## ४) सम्पन्न क्रियाकलापहरु:

सम्झौता पश्चात परियोजनाको उद्देश्य अनुरुप कार्यकमलाई अगाडि वढाउनका लागि संचालन गरिएका कियाकलापहरु निम्न अनुसार रहेका छन्

### ४.१) परियोजनाको वारेमा संस्थामा अभिमुखिकरण:

कोष विकास समिति र संस्था विच संझौता सम्पन्न भै सकेपछि संस्था सञ्चालक समितिका पदाधिकारी, संस्थाका सदस्य तथा अन्य कर्मचारीहरु समेतको एक दिने वैठक आयोजना गरी कार्यक्रम वारे जानकारी गराईएको थियो ।

### ४.२) परियोजनाको वारेमा सम्वन्धित कर्मचारीहरुलाई अभिमुखीकरण :

कार्यक्रम सामुदायिक वन उपभोक्ता समूहसंग समन्वय र शहकार्य सञ्चालन गरिने भएको हुँदा संस्थाको सामुदायिक वन उत्प्रेरण कार्यक्रममा कार्यरत कार्यक्रम अधिकृत, कार्यक्रम सुपरभाईजर तथा सामुदायिक एनिमेटरहरुलाई मासिक रुपमा १/१ दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको थियो ।

### ४.३) कार्यक्रमको वारेमा जिल्ला स्थित सरोकारवाल विच अन्तरक्रिया:

कार्यक्रममा प्रस्तावमा प्रस्ताव गरे वमोजिम यस कार्यक्रमको वारेमा जिल्ला स्थित सरोकारवाला निकायहरुलाई जानकारी गराउने तथा आवश्यक समन्वय र शहकार्यको वातवरण श्रृजना गर्ने उद्देश्यले मिति २०६५ आश्विन ८ र ९ गते जिल्ला विकास समिति लगायत जिल्लाका सवै कार्यालय प्रमुख, गैसस प्रमुख, राजनैतिक दलका प्रतिनिधीहरु समेतको भेलामा कार्यक्रम सम्वन्धि जानकारी गराउने काम भएको थियो ।
कार्यक्रम अर्न्तगत निम्न लिखित सरोकारवाला निकायसंग स्थानीय तहमा समन्वय र शहकार्य गरिएको छ । खासगरी स्थानीय तहमा कार्यक्रम प्रति अफनत्व जगाई संस्थाको सहयोग पश्चात पनि दीगो समन्वय र शहकार्यको वातवरण विकास गर्नका लागि अन्य निकायसंग समन्वय गर्न खोजिएको हो । परियोजना अवधिकमा निम्न सरोकारवाला निकायहरुसँग समन्वय गरीएको थियो ।

- जीविकोपार्जनका लागि वन कार्यक्रम तथा जिल्ला वन कार्यालय,
- सम्वन्धि कार्यक्षेत्रका गाँउ विकास समितिहरु - १५ वटा गाविस,
- स्थानीय सामुदायिक वन उपभोक्ता समूह तथा स्थानीय संघसंस्थाहरु,

विभिन्न सरोकारवाला निकायसंग समन्वयमा यस परियोजनामा निम्न लिखित थप सहयोगहरु उपलब्ध हुनको लागि वातवरण विकास भएको थियो ।

४.५. कार्यक्रम अर्न्तरगत शहकार्यवाला संस्था र सहयोगको विवरण:

| क्र.सं. | सरोकारवाला निकाय | शहकार्यमा प्राप्त हुने सहयोग |
|---|---|---|
| १. | जीविकोपार्जनका लागि वन कार्यक्रम | • समूह तथा लक्षित व्यवसायीलाई क्षमता विकासको लागि नपुग आर्थिक सहयोग,<br>• उपकरण सहयोगमा पुरक आर्थिक सहयोग |
| २. | जिल्ला वन कार्यालय | • फलामको काम गर्ने उपसमूहको लागि गोलको लागि समन्वय,<br>• हलोजुवा, ठेका निर्माण उपसमूहलाई काठको लागि समूहसंग समन्वय |
| ३. | सामुदायिक वन उपभोक्ता समूह | • समूहलाई काठ तथा दाउराको व्यवस्थापन,<br>• कतिपय उपसमूहमा पुरक आर्थिक सहयोग,<br>• अनुगमन तथा निरिक्षणमा स्थानीय तहमा सहयोग |
| ४. | गाँउ विकास समिति | • नौमतीवाजा उपसमूहहरुमा सामुहिक पोषकको लागि आर्थिक सहयोगमा सहमती, |
| ५. | अन्य स्थानीय संघसंस्थाहरु | • स्थानीय तहमा सामाजिक परिचालनमा सहयोग,<br>• नियमित अनुगमन तथा निरिक्षणमा सहयोग, |

**५) परियोजनाको कार्यक्षेत्रमा परम्परागत व्यवसायको सर्भेक्षण तथा अवस्था विश्लेषण:**

सम्वन्धित कर्मचारीहरुलाई अभिमुखीकरण पश्चात कार्यक्षेत्रहरुमा परम्परागत व्यवसायमा संलग्न व्यवसायिक व्यक्तिहरु पहिचान पहिचान गरि वर्तमान व्यवसायको अवस्था र उक्त व्यवसायलाई व्यवसायिककरणका लागि गर्नु पर्ने सहयोग क्षेत्रको वारेमा जानकारी लिने काम भएको थियो ।

**६) कर्मचारीहरुलाई व्यवसायिक शुरुवात तथा विकास प्रशिक्षक प्रशिक्षण :**

विशेष गरी यस परियोजनामा टोली नेता एक जना तथा सामुदायिक परिचालन एक जना गरी दुई जनामात्र कर्मचारीको व्यवस्था भएको भएता पनि फरक फरक भौगोलिकतामा अवस्थित १७ गाँउ विकास समितिहरुमा रहने ३० वटा व्यवसायिक समूहहरुलाई सहयोग पुर्‍याउन गाह्रो पर्ने भएकाले कार्यक्रमको प्रस्तावना तयारी देखि नै संस्थाको सामुदायिक वन उत्प्रेरण कार्यक्रमसंग समन्वय र शहकार्यमा कार्यक्रम सञ्चालन गर्ने गरी कार्यक्रममा कार्यरत कर्मचारी लगायत संस्थाका अन्य कार्यक्रममा कार्यरत कर्मचारीहरु समेत गरी १५ जनाको लागि ७ दिने “व्यवसायिक शुरुवात तथा विकास प्रशिक्षक प्रशिक्षण” तालिम कार्यक्रम सञ्चालन गरियो ।

**७) कार्यक्षेत्रमा व्यवसायिक उपसमुह गठन तथा परिचालन:**

**७.१) नौमति वाजा गठन तथा परिचालन:**

विशेष गरि  विगतमा नौमती वाजा वजाई जीविको निर्वाह गर्दै आएका विशेष गरी दलित समुदाय, जसको उपकरण तथा व्यवसायिक ज्ञानको अभावमा आफ्नो व्यवसाय छाड्न वाध्य भई संकटपुर्ण जीवन निर्वाह गरिरहेका व्यक्तिहरुलाई  लक्षित गरी कार्यक्षेत्रमा हालसम्म ५ वटा नौमती वाजा उपसमूहहरु गठन गरिएका छन् । यस अर्न्तगत एक नौमती वाजा उद्योगको रुपमा स्थानीय तहमा एक व्यवसायलाई प्रवर्द्धन गरिएको छ ।

खासगरी एक नौमती वाजा उद्योग र ५ नौमती वाजा उपसमूह गरी ६ वटा व्यवसायिक उपसमूहहरु  यस अर्न्तगत प्रवर्द्धन गरिएका छन् ।

**क) सहयोग पूर्वको अवस्था :**

- ✓ नौमति वाजा जिर्ण अवस्थामा रहेका ।
- ✓ व्यवसायिक रुपमा संचालनका लागि आवस्यक दक्षताको कमी।
- ✓ व्यवसायिक रुपमा पारिश्रमिकको व्यवस्था नभएको ।
- ✓ लोप हुने अवस्थामा पुगेको ।

**ख) सहयोग पछिको अवस्था :**

- समुहमा संस्थागत प्रणालीको विकासको शुरुवात भएको ।
- उपसमुह संचालन निर्देशिकाको आधारमा परिचालन भएको ।
- नौमति वाजाको व्यवस्थापन तथा आचारसंहिताले व्यवसायिकता वृद्धिमा सहयोग पुगेको ।
- आवद्ध नौमति वाजा समुहमा आवद्ध सदस्यको आयश्रोतमा वृद्धि भएको ।
- समुहमा नियमित वचत गर्ने परिपाटी विकास भएको ।
- सम्पर्क समन्वयमा वृद्धि भएको ।
- सामुहिक भावनाको विकास भएको ।
- आचारसंहिता र ड्रेसको अनिवार्यताले पेशाको आकर्षणमा वृद्धि भएको ।

**ग) परियोजना अन्तर्गत गठित उपसमुहको विवरणः**

| क्र. सं. | उपसमूहको नाम | समूहको ठेगाना | सदस्य संख्या | | | जातिय विवरण | | | व्यवस्थापन सहयोग भएको समुह |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | म | पु | जम्मा | द | ज.जा. | अन्य | |
| १. | सामुहिक नौमतीवाजा उपसमूह | लेकफाँट गाविस, वडा नं. २,४,५ | १ | ११ | १२ | १२ | - | - | ✓ |
| २. | भुकताङ्गले नौमती वाजा उपसमूह | भुकताङ्गले गाविस  पर्वत | - | १० | १० | १० | - | - | ✓ |
| ३. | वाजुङ्ग नौमती वाजा उपसमूह | वाजुङ्ग गाविस, पर्वत | - | १२ | १२ | १२ | - | - | ✓ |
| ४. | नाङ्गलीवाङ्ग नौमती वाजा उपसमूह | नाङ्गलीवाङ्ग गाविस, पर्वत | - | १० | १० | १० | - | - | ✓ |
| ५. | खुर्कोट नमुना वाजा उपसमूह | खुर्कोट गाविस, पर्वत | - | ११ | ११ | ११ | - | - | ✓ |
| | | जम्माः | १ | ५४ | ५५ | ५५ | - | - | |

**७.२) आरान उपसमुह गठनः**

कार्यक्षेत्रमा परम्परागत फलामको काम गर्दै आई रहेका तर हाल उपकरणको अभाव, उद्यमशिलता सम्वन्धि ज्ञानको अभाव, प्रतिस्पर्धी वजार आदि कारणले व्यवसाय क्रमशः छाडदै जीविकोपार्जन संकटपुर्ण अवस्थामा रहेका दलित समुदायमा पनि विशेष गरी विश्वकर्मा जातिको व्यवसायिक प्रवर्द्धन गर्दै उनिहरुको जीविकोपार्जन सुधारमा टेवा पुऱ्याउने उद्देश्यले परियोजनाले लक्षित गरे अनुरुप १५ वटा आरन उपसमूहहरु गठन गरिएका छन् ।

**क) सहयोग पूर्वको अवस्थाः**

- ✓ व्यवसाय लोपोन्मुख अवस्थामा रहेको ।
- ✓ व्यवसायिक रुपमा संचालन नभै वाली प्रथामा संचालन हुँदै आएको ।
- ✓ व्यवसायिक रुपमा संचालन गर्ने दक्षताको कमी रहेको ।

✓ व्यवसायको रुपमा नभै केवल काम चलाउ रुपमा मात्र रहेको ।

✓ व्यवासाय संचालनको लागि आवश्यक औजार सामग्रीको अभाव रहेको ।

**ख) परियोजना अन्तर्गत गठित उपसमुहहरुको विवरण:**

| क्र. सं. | उपसमूहको नाम | समूहको ठेगाना | सदस्य संख्या | | | जातिय विवरण | | | व्यवस्थापन सहयोग भएको समुहहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | दलित | जनजाति | अन्य | |
| १. | देउराली देउपुर आरन उपसमूह | देउराली गाविस, वडा नं. ३,७,८ | - | ८ | ८ | ८ | - | - | ✓ |
| २. | वाउसेओखलढुङ्गा आरन समूह | वाजुङ्ग गाविस, वडा नं.: २, पर्वत | - | ५ | ५ | ५ | - | - | ✓ |
| ३. | भुमेकोट आरन उपसमूह | वाजुङ्ग गाविस, वडा नं.:९,पर्वत | - | ५ | ५ | ५ | - | - | ✓ |
| ४. | चाउकासालघारी आरन उपसमूह | पकुवा गाविस, वडा नं.:५, पर्वत | - | ५ | ५ | ५ | - | - | ✓ |
| ५. | शान्तिवन आरन उपसमूह | चित्रे गाविस, वडा नं.: ६, पर्वत | - | ५ | ५ | ५ | - | - | |
| ६. | गजौटेचिसापानी आरन उपसमूह | शिवालय गाविस, वडा नं.३, पर्वत | - | ३ | ३ | ३ | - | - | ✓ |
| ७. | समिकोटवन आरन उपसमूह | खुर्कोट गाविस, वडा नं.: पर्वत | - | ३ | ३ | ३ | - | - | ✓ |
| ८. | पहरेरानीवन आरन उपसमूह | दुर्लुङ्ग गाविस, पर्वत | - | ६ | ६ | ६ | - | - | ✓ |
| ९. | सेरादलित आरन उपसमूह | चुवा गाविस, वडा नं.: ६, पर्वत | - | ६ | ६ | ६ | - | - | ✓ |
| १०. | ठुलोसल्लेरी आरन उपसमूह | माझफाँट गाविस, वडा नं.: पर्वत | - | ५ | ५ | ५ | - | - | |
| ११. | टाँडीविसौना आरन उपसमूह | माँझफाँट गाविस, पर्वत | - | ५ | ५ | ५ | - | - | ✓ |
| १२. | भेडाओडार आरन उपसमूह | लेकफाँट गाविस, पर्वत | - | ६ | ६ | ६ | - | - | ✓ |
| १३. | चिहानडाँडा आरन उपसमूह | वनौ गाविस, पर्वत | - | ५ | ५ | ५ | - | - | |
| १४. | शिवालय आरन उपसमूह | शिवालय गाविस पर्वत | - | ५ | ५ | ५ | - | - | ✓ |
| १५. | थामार्जुङ्ग आरन उपसमूह | तिलाहार गाविस, वडा नं.: ९, पर्वत | - | ५ | ५ | ५ | - | - | |
| | | जम्मा: | - | ७८ | ७८ | ७८ | - | - | |

**७.३) हलोजुवा उपसमूह गठन:**

संस्थाको कार्यक्षेत्र रहेका विपन्न परिवारलाई व्यवासयिक धारण विकास गरी उनिहरुको परम्परागत व्यवसायलाई प्रवर्द्धन गर्दै उनिहरुको जीविकोपार्जनमा सुधार ल्याउनुको साथै समग्र कृषी क्षेत्रलाई सहयोग पुऱ्याउन हलो जुवा उपसमुह गरि गरि परिचालन गरिएको छ।

**क) सहयोग पुर्वको अवस्था:**

- ✓ व्यवसायिक रुपमा नभै आवश्यकतामा आधारित रहेको ।
- ✓ सामुहिक रुपमा नभै एकल रुपमा कार्य गर्ने गरिएको ।

**ख) सहयोग पछिको अवस्था:**

- ✓ सामुहिक रुपमा व्यवसायिक तरिकावाट संचालनको शुरुवात भएको ।
- ✓ सामुदायिक वन उपभोक्ता समुहसँगको सम्पर्क समन्वयमा सुलभ रुपमा आवश्यक काठ उपलब्ध गराउने परिपाटी शुरुवात भएको ।
- ✓ कृषि कार्यका प्रयोजनका लागि मात्र नभै सजावटको रुपमा पनि उत्पादन शुरु भएको ।
- ✓ समुहमा आवद्ध सदस्यको केही आम्दानीको श्रोतमा वृद्धि भएको ।

**ग) परियोजना अन्तर्गत गठित उपसमुहको विवरण:**

| क्र.सं. | उपसमूहको नाम | समूहको ठेगाना | सदस्य संख्या | | | जातिय विवरण | | | व्यवस्थापन सहयोग भएको समुहहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | |
| १. | रानीवन हलोजुवा उपसमूह | धाईरिङ्ग गाविस, पर्वत | - | ५ | ५ | ५ | - | - | नभएको |
| २. | वनपाला हलोजुवा उपसमूह | देउराली गाविस, पर्वत | - | ६ | ६ | ६ | - | - | ✓ |
| ३. | वाउसेओखलढुङ्गा हलोजुवा उपसमूह | वाजुङ्ग गाविस, पर्वत | - | ५ | ५ | ५ | - | - | ✓ |
| ४. | झाँक्रीसल्ला हलोजुवा उपसमूह | दुर्लुङ्ग गाविस, पर्वत | - | ५ | ५ | ५ | - | - | ✓ |
| ५. | वाजुङ्गकोट काठको भाँडा उपसमूह | वाजुङ्ग गाविस, पर्वत | - | ५ | ५ | ५ | - | - | ✓ |
| | | जम्मा: | - | २६ | २६ | २६ | - | - | |

**७.४) परम्परागत कपडा उपसमूह गठन:**

विशेष गरि जनजातीको साँस्कृतिक महत्वका साथै जीविकोपार्जनको आधारको रुपमा रहेको परम्परागत कपडा (भाँग्रा) वुनाई व्यवसायलाई प्रवर्द्धन गर्दै उनिहरुको साँस्कृतिक पक्षको संरक्षण एवम् जीविकोपार्जनमा सुधार गर्ने अभिप्रायले संस्था अगाडी वढी रहेको छ ।

**क) सहयोग पूर्वको अवस्था:**

- ✓ व्यवसायिक रुपमा नभै आवश्यकतामा आधारित रहेको ।
- ✓ सामुहिक रुपमा नभै एकल रुपमा कार्य गर्ने गरिएको ।

**ख) सहयोग पछिको अवस्था:**

- ✓ व्यवसायिक रुपमा उत्पादनको शुरुवात भएको ।
- ✓ सामुहिक रुपमा उत्पादनको शुरुवात भएको ।
- ✓ सामुहिक भावनाको विकास
- ✓ आवद्ध सदस्यहरुको आयश्रोतमा वृद्धि भएको ।

ग) परियोजना अन्तर्गत गठित उपसमुहको नामावली:

| क्र. सं. | उपसमूहको नाम | समूहको ठेगाना | सदस्य संख्या | | | जातिय विवरण | | | व्यवस्थापन मा सहयोग गरिएका समुहहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | म | पु | जम्मा | दलित | जनजाती | अन्य | |
| १. | चनौटेभाँग्रा वुनाई उपसमूह | दुर्लुङ्ग-७, पर्वत | १५ | - | १५ | - | १५ | - | ✓ |
| २. | पातलखर्कभाँग्रा वुनाई उपसमूह | शालिजा पर्वत | ६ | - | - | - | ६ | - | ✓ |
| ३. | खस्रेनीपाखोभाँग्रा वुनाई उपसमूह | लेकफाँट पर्वत | ५ | - | ५ | - | ५ | - | नभएको |
| ४. | पुर्णगाँउभाँग्रा वुनाई उपसमूह | देउराली पर्वत | ५ | - | ५ | - | ५ | - | नभएको |
| ५. | वनपालाभुँमेथान भाँग्रा वुनाई उपसमूह | देउराली पर्वत | ५ | - | ५ | - | ५ | - | ✓ |
| ६. | कालिगण्डकीभाँग्रा वुनाई उपसमूह | शिवालय पर्वत | ४ | - | ४ | - | ४ | - | ✓ |
| ७. | छिपछिपेछिलिङ्गपाखा भाँग्रा वुनाई उपसमूह | क्याङ्ग पर्वत | ९ | - | ९ | - | ९ | - | ✓ |
| | | जम्मा: | ४९ | - | ४९ | - | ४९ | - | |

८) परियोजना अर्न्तगत गठित व्यवसायिक समूहको विवरण:

यसरी यस परियोजना अन्तर्गत ३२ वटा मात्र उपसमूह गठन गरी परिचालन तथा सहयोग गरिएको छ। गठित उपसमुहहरुको पुर्ण विवरण यस प्रकार छ।

| क.सं. | उपसमुहको नाम | ठेगाना | सामुदायिक वन उपभोक्ता समुहको नाम |
|---|---|---|---|
| क. | नौमती वाजा उपसमुह | | |
| १ | सामुहिक नौमतीवाजा उपसमूह | लेकफाँट वडा नं. २,४,५ | |
| २ | भुकताङ्गले नौमती वाजा उपसमूह | भुकताङ्गले पर्वत | तसैपाखा सावउस |
| ३ | वाजुङ्ग नौमती वाजा उपसमूह | वाजुङ्ग पर्वत | तारेपहरा सावउस/पातलकाटे सावउस |
| ४ | नाङ्गलीवाङ्ग नौमती वाजा उपसमूह | नाङ्गलीवाङ्ग पर्वत | |
| ५ | खुर्कोट नमुना वाजा उपसमूह | खुर्कोट पर्वत | समिकोट सावउस |
| ख. | आरान उपसमुह | | |
| ६ | देउराली देउपुर आरन उपसमूह | देउराली वडा नं. ३,७,८ | |
| ७ | वाउसेओखलढुङ्गा आरन समूह | वाजुङ्ग वडा नं.: २, पर्वत | वाउसेओखलढंगा सावउस |
| ८ | भुमेकोट आरन उपसमूह | वाजुङ्ग वडा नं.:९,पर्वत | ढिकुमैदान सावउस |
| ९ | चाउकासालघारी आरन उपसमूह | पकुवा वडा नं.:५, पर्वत | चाउकासालघारी सावउस |
| १० | शान्तिवन आरन उपसमूह | चित्रे वडा नं.: ६, पर्वत | शान्तिवन सावउस |
| ११ | गजौटेचिसापानी आरन उपसमूह | शिवालय वडा नं.३, पर्वत | गजौटेचिसापानी सावउस |
| १२ | समिकोटवन आरन उपसमूह | खुर्कोट वडा नं.: पर्वत | समिकोट सावउस |
| १३ | पहरेरानीवन आरन उपसमूह | दुर्लुङ्ग पर्वत | पहरेरानीवन सावउस |
| १४ | सेरादलित आरन उपसमूह | चुवा वडा नं.: ६, पर्वत | नमुना शेरादलित सावउस |
| १५ | ठुलोसल्लेरी आरन उपसमूह | माझफाँट वडा नं.: पर्वत | ठुलोसल्लेरी सावउस |
| १६ | टाँडीविसौना आरन उपसमूह | माँझफाँट पर्वत | टाँडीविसौना सावउस |
| १७ | भेडाओडार आरन उपसमूह | लेकफाँट पर्वत | भेडाओढार सावउस |
| १८ | चिहानडाँडा आरन उपसमूह | वनौ पर्वत | चिहानडाँडा सावउस |
| १९ | शिवालय आरन उपसमूह | शिवालय पर्वत | |
| २० | थामार्जुङ्ग आरन उपसमूह | तिलाहार वडा ९, पर्वत | थामार्जुङ्ग सावउस |

| क.सं. | उपसमुहको नाम | ठेगाना | सामुदायिक वन उपभोक्ता समुहको नाम |
|---|---|---|---|
| ग. | हलो जुवा उपसमुह | | |
| २१ | रानीवन हलोजुवा उपसमूह | धाईरिङ्ग पर्वत | रानीवन सावउस |
| २२ | वनपाला हलोजुवा उपसमूह | देउराली, पर्वत | वनपाला भुमेथान सावउस |
| २३ | वाउसेओखलढुङ्गा हलोजुवा उपसमूह | वाजुङ्ग, पर्वत | वाउसे ओखलढुंगा सावउस |
| २४ | झाँक्रीसल्ला हलोजुवा उपसमूह | दुर्लुङ्ग, पर्वत | झाँक्रीसल्ला सावउस |
| २५ | वाजुङ्गकोट काठको भाँडा उपसमूह | वाजुङ्ग, पर्वत | ढिकुमैदान सावउस |
| घ. | भांग्र वुनाई उपसमुह | | |
| २६ | चनौटे भाँग्रा वुनाई उपसमूह | दुर्लुङ्ग-७, पर्वत | चनौटेखालीपाखा सावउस |
| २७ | पातलखर्क भाँग्रा वुनाई उपसमूह | शालिजा, पर्वत | पातलखर्क सावउस |
| २८ | खर्सेनीपाखो भाँग्रा वुनाई उपसमूह | लेकफाँट, पर्वत | खर्सेनीपाखो सावउस |
| २९ | पुर्णगाँउ भाँग्रा वुनाई उपसमूह | पुर्णगाँउ, पर्वत | वनपालाभुमेथान सावउस |
| ३० | वनपाला भुँमेथान भाँग्रा वुनाई उपसमूह | देउराली, पर्वत | वनपाला भुमेथान सावउस |
| ३१ | कालिगण्डकी भाँग्रा वुनाई उपसमूह | शिवालय, पर्वत | कालीगण्डकी सावउस |
| ३२ | छिपछिपेछिलिङ्गपाखा भाँग्रा वुनाई उपसमूह | क्याङ्ग, पर्वत | छिपछिपेसिलिङ्गेपाखा सावउस |

### ९) हरेक उपसमूहमा कोष स्थापना र वचत परिचालनः

हरेक उपसमूहमा वचत संकलन तथा परिचालन गरिएको छ भने जीविकोपार्जनको लागि वन कार्यक्रमको सहयोगमा रु ५०००/- का दरले कोष अभिवृद्धिको लागि सहयोग उपलव्ध गराईएको छ ।

### १०) परियोजनाको दीगोपनाको लागि गठित जिल्ला सञ्चालः

परियोजना अर्न्तगत सञ्चालित सवै व्यवसायिक समूहहरु र तीनिहरुको व्यवसायिक सञ्चालन विच समन्वय र शहकार्यको वातवरण श्रृजना गरी सेवालाई दीगो वनाउन अन्तर व्यवसायिक सञ्चालहरुको जिल्ला सञ्चालन समेत गठन भएको छ । जसको विवरण निम्न अनुसार छः

१) अध्यक्षः श्री डम्वर वहादुर वि.क.
२) उपाध्यक्षः श्री गोपाल परियार
३) सचिव : श्री धनिलाल वि.क.
४) कोषध्यक्षः श्री टिकादेवी पुन
५) सदस्यः श्री कमला गुरुङ्ग
६) सदस्यः श्री नर वहादुर वि.क.
७) सदस्यः श्री रेश वहादुर वि.क.
८) सदस्यः श्री प्रकाश परियार
९) सदस्यः श्री सम्मर परियार
१०) सदस्यः श्री टेक वहादुर वि.क.
११) सदस्यः श्री पुर्ण वहादुर वि.क.
१२) सदस्यः श्री पुर्ण वहादुर परियार
१३) सदस्यः श्री दामोदर परियार
१४) सदस्यः श्री हर्क वहादुर नेपाली
१५) सदस्यः श्री टिका वहादुर नेपाली
१६) सदस्यः श्री लाल वहादुर गुरुङ्ग
१७) सदस्यः श्री कृष्ण पुन
१८) सदस्यः श्री भिमलाल वि.क.
१९) सदस्यः श्री मन वहादुर वि.क.

**११) कार्यक्रममा महशुस गरिएको मुख्य सवालहरु:**

- समूहगत व्यवसाय प्रति लक्षित वर्गको विश्वासमा कमी भएकोले सामुहिक व्यवसाय सञ्चालनको लागि समूह गठन गर्न कठिन भई अपेक्षा गरे भन्दा वढि प्रयास गर्नु परेको,
- नौमती वाजाको माग धेरै स्थानवाट आएको तर परियोजनको क्षमता जम्मा पाँच स्थानमा मात्र उपलव्ध गर्न सक्ने हुँदा माग र आपुर्ति विच समन्वय गर्न कठिन परिरहेको,
- संस्थाले धेरै भन्दा धेरै समुदायमा सेवा प्रवाह गर्न खोजेकोले धेरै ठूलो कार्यक्षेत्रलाई समेटेको हुँदा सिमिति वजेटमा धेरै कार्य गर्नु पर्ने भएकोले संस्थागत योगदान वढि गर्नु पर्ने स्थिती देखिएको,
- परम्परागत व्यवसायमा प्रविधि सुधारका लागि उपर्युक्त प्राविधिक सेवा पाउनका लागि कठिनाई परिरहेको,
- विपन्न समुदायको कार्यव्यस्तता र चाडपर्वको समय भएकोले कार्यक्रमका लागि समय व्यवस्थापन गर्न कठिनाई पर्नु,

**१२) कार्यक्रमवाट प्राप्त सिकाईहरु:**

परियोजना अवधिका कार्यान्वयनको क्रममा महसुस गरिएको सिकाईहरु निम्न अनुसार छन् :

- कुनै पनि पेशा र व्यवसाय प्रति स्वयम्मा आत्मा गौरव वढाई दिन सक्यो भने स्वत: क्रियाशिलता आउन सक्दो रहेछ ।
- सरोकारवाला निकायसंगको समन्वय र शहकार्यले स्थानीय तहमा कार्यक्रममैत्री वातवरण विकासमा सहयोग पुर्‍याउदो रहेछ ।
- छोटो समयावधी र सिमित वजेट सिमा भएका कार्यक्रमको प्रभावकारीताको लागि संस्थाका अन्य कार्यक्रमहरुसंग शहकार्य गर्नु उपर्युक्त माध्यम रहेछ ।
- गरिवी निवारण कोषसंग काम गरेको संस्थाको पहिलो अनुभव हुँदा हुँदै पनि कार्यक्रम व्यवस्थापकवाट नियमित सम्पर्क, समन्वय, सुझाव र पृष्ठपोषण पाईरहनुले कार्यक्रममा सकरात्मक प्रभाव पर्दो रहेछ ।

**१३) निष्कर्ष:**

संस्थाले विश्व बैंक तथा गरिवी निवारण कोषको संयुक्त आयोजनमा द्वारा आह्वान गरिएको नेपाल विकास वजार-२००८ मा सहभागी भई "जीविकोपार्जन सुधारका लागि परम्परागत व्यवसाय प्रवर्द्धन" नामक परियोजना मार्फत अति विपन्न दलित जनजातीको जीविकोपार्जनमा सुधार ल्याउने नविनतम सोच प्रस्तुत गरी सो कार्य सम्पादनका लागि गरिवी निवारण कोष र यस संस्था विच संझौता सम्पन्न भई कार्यथालनीले लोपोन्मुख परम्परागत व्यवसायहरुको प्रवर्धनमा सहयोग पुगेको छ । समुह व्यवसायिकता तर्फ उन्मुख भएका छन् । अति विपन्न दलित तथा जनजातिहरुको जिविकोपार्जन सुधारमा सहयोग पुगेको छ । वजार व्यवस्थापनका लागि स्थानिय व्यापारीहरुसँग सुसम्वन्धको विकास भएको छ । व्यवसाय प्रतिको आवद्ध समुदायमा उक्त पेशा प्रति सकारात्मक सोच विकास भएको छ । संस्थाद्धारा संचालित परियोजनाले समुदायमा रहेका अति विपन्न समुदायवाट निर्वाहमुखी पेशालाई व्यवसायमुखी तर्फ उन्मुख गराउन सहयोग पुगेको छ साथै संस्था तथा संस्थाको जनशक्ति तथा परम्परागत व्यवसायसँग सम्वन्धि कार्यक्रम संचालनमा कार्य अनुभव हासिल भएको छ ।

यसरी समग्रमा जिविकोपार्जन सुधारका लागि परम्परागत व्यवसाय प्रवर्धन परियोजना सम्झौता पश्चात सहज रुपमा कार्यान्वयन गरि अपेक्षित लक्ष्य हासिल भएको महसुस गरिएको छ ।